बडिगाड गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः३ मितिः २०८०/०४/१

**भाग-१**

**बडिगाड गाउँपालिका**

**वडिगाड गाउँपालिका नगर प्रहरी ऐन, २०८०**

## प्रस्तावना

वडिगाड गाउँपालिकाको नीति, कानुन, मापदण्ड र निर्णय कार्यान्वयनका लागि सहज होस् भनी राज्यको सार्वभौम शक्तिको बाँडफाँट तथा शक्तिको संरचना र स्वरुपको निर्धारण गर्दै जारी भएको नेपालको संविधानको धारा ५७(४) र धारा २२६(१) तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(२)क. मा उल्लेख भएको अधिकार प्रयोग गर्न बाञ्छनीय भएकोले, वडिगाड गाउँपालिकाको तेह्रौं गाउँसभाबाट "वडिगाड गाउँपालिका नगर प्रहरी ऐन" बनाईएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "वडिगाड गाउँपालिका नगर प्रहरी ऐन, २०८०" रहेको छ।

(२) यो ऐन वडिगाड गाउँपालिकाको राजपत्रमा प्रकाशन गरेको मितिदेखि लागु हुनेछ।

**२. परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "गाउँपालिका" भन्नाले वडिगाड गाउँपालिका सम्झनु पर्दछ।

(ख) "सभा" भन्नाले गाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ।

(ग) "अध्यक्ष" भन्नाले वडिगाड गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

(घ) "कार्यपालिका" भन्नाले वडिगाड गाउँपालिका गाउँ कार्यपालिका भन्ने सम्झनु पर्दछ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले वडिगाड गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(च) "अधिकृत" भन्नाले वडिगाड गाउँपालिकामा कार्यरत अधिकृत कर्मचारी सम्झनु पर्दछ र सो शब्दले अधिकृतको रूपमा काम गर्न नेपाल सरकारबाट गाउँपालिकामा खटाईएको अधिकृतलाई समेत जनाउँछ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन कार्यान्वयन गर्न यसै ऐन अन्तर्गत बनेका नियम, निर्देशिका, निर्णयमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ज) "जवान" भन्नाले अधिकृत वा नगर प्रहरी प्रमुख बाहेकका नगर प्रहरी जवान सम्झनु पर्छ।

(झ) "प्रहरी कर्मचारी" भन्नाले यस ऐन बमोजिम गठन भएको नगर प्रहरी सेवामा रहेका सम्पुर्ण पदमा बाहल व्यक्तिलाई सम्झनुपर्छ।

(ञ) "नगर प्रहरी" भन्नाले गाउँपालिका नगर प्रहरी सम्झनु पर्छ।

## परिच्छेद- २

## नगर प्रहरी सेवा गठन र परिचालन

**३. नगर प्रहरी सेवाको गठनः**

१) नेपाल सरकारको कार्य विस्तृतिकरण नीति र स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम नगर प्रहरीसँग सम्बन्धित अधिकार प्रयोग गरि गाउँ कार्यपालिकाले तोकेका कार्यहरू कार्यान्वयन गर्न वडिगाड गाउँपालिका नगर प्रहरी सेवा गठन हुनेछ।

२) प्रहरी कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाको अन्य शर्त गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(३) प्रहरी कर्मचारीको रेखदेख, नियन्त्रण र निर्देशन गर्ने अधिकार कार्यपालिकालाई हुनेछ र कार्यपालिकाको आदेश र निर्देशन पालन गर्नुपर्ने प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुनेछ।

( ४ ) प्रहरी कर्मचारीको नियन्त्रण र परिचालनको लागि कार्यपालिकाले आवश्यक नीति, निर्देशन र मापदण्ड जारी गर्नेछ। जारी नीति, निर्देशन र मापदण्डको कार्यान्वयन गर्नु गराउनु सबैको कर्तव्य हुनेछ।

(५) कार्यपालिकाबाट स्वीकृत नीति, निर्देशन र मापदण्डको आधारमा प्रमुख प्रशासकीय अधिकृतले प्रहरी कर्मचारीको नियन्त्रण र परिचालन गर्नेछन्। प्रमुख प्रशासकीय अधिकृतको आदेश र निर्देशन पालना गर्नु प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुनेछ।

(६) नगर प्रहरीको संगठन संरचना देहाय बमोजिम हुनेछ।

क) नगर प्रहरी सहायक निरीक्षक – १ जना

ख) नगर प्रहरी हवल्दार – १ जना

(ग) नगर प्रहरी जवान – (गाउँ कार्यपालिकाको निर्णय बमोजिम संख्या निर्धारण हुने)

४. नगर प्रहरीको पोशाक र चिन्ह: नगर प्रहरीको एक छुट्टै पोशाक हुनेछ। पोशाकमा पद अनुसारको नाम एवम् दर्ज्यानी चिन्ह रहनेछ । निजहरूको पोशाकको पाखुरामा अनुसूची १ अनुसारको वडिगाड गाउँपालिकाको छुटै लोगो अंकित चिन्ह रहनेछ। लोगो भन्दा तल देहाय बमोजिमको दर्ज्यानी चिन्ह रहनेछ।

क) नगर प्रहरी सहायक निरीक्षक - कुममा एक तारा

ख) नगर प्रहरी हवल्दार - कुममा तिन धर्का

ग) नगर प्रहरी जवान - कुममा फिता मात्र

## परिच्छेद-३

## प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार र नियुक्ति

५. प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार: प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(ख) गाउँपालिकामा हुने सभा समारोह, परम्परा तथा जात्रा, चाडपर्वको सुरक्षा, व्यवस्थापन गर्ने,

(ग) गाउँपालिकाको बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवथापन गर्ने,

(घ) गाउँपालिकाको सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन गर्ने,

(ङ) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन गर्ने,

(च) सार्वजनिक, ऐलानी र पर्तिजग्गा सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने,

(छ) विपद् व्यवस्थापन अन्तरगत खोजी, उद्दार, राहत तथा पुनस्थापना सम्बन्धी कार्य गर्ने,

(ज) अनधिकृत विज्ञापन तथा होडिङ बोर्ड नियन्त्रण गर्ने,

(झ) छाडा पशु चौपायाको नियन्त्रण गर्ने,

(ञ) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने,

(ट) गाउँ कार्यपालिका तथा वडा कार्यालयको सुरक्षार्थ आवश्यक व्यवस्था मिलाउने,

(ठ) गाउँपालिका क्षेत्रमा घुम्न आउने पर्यटकको सुरक्षाको लागि आवश्यक व्यवस्था गर्ने,

(ड) गाउँपालिकाको नीति, कानुन, मापदण्ड तथा निर्णयको कार्यान्वयन गर्ने, गराउने,

(ढ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अन्य कार्य गर्ने ।

६. नगर प्रहरीको नियुक्तिः (१) नगर प्रहरी सेवामा देहायका पदहरू रहने छन् र रिक्त पदमा खुला प्रतियोगिताद्वारा तथा बढुवाद्वारा पदपूर्ति गरी नियुक्ति गरिनेछः-

क) नगर प्रहरी सहायक निरीक्षक

ख) नगर प्रहरी हवल्दार

ग) नगर प्रहरी जवान

( २ ) शुरुमा प्रहरी सहायक निरिक्षकको पदमा पदपूर्ति नगरी सो पदमा पदपूर्ति गर्नु पर्दा कार्यरत हवल्दार मध्येबाट कार्यदक्षता, अनुभव र कार्य कुशलताको आधारमा पदपूर्तिलाई प्राथमिकता दिइनेछ, तर प्रहरी सहायक निरीक्षकको लागि शैक्षिक योग्यता वा नेतृत्व क्षमता र कार्य कुशलताको लागि खुल्ला प्रतियोगिताबाट भर्ना गर्न गाउँकार्यपालिकाले उपयुक्त देखेमा खुल्ला प्रतियोगिता मार्फत प्रतिशपर्धाबाटै

नियुक्ति गरिनेछ । सेवा गठन गर्दाको बखत नगर प्रहरी नियुक्ति गर्दा प्रचलित कानून बमोजिम सेवा करार मार्फत नगर प्रहरी हवल्दार १ जना र गाउँ कार्यपालिकाको निर्णय बमोजिम नगर प्रहरी जवानको लागि मात्र गरिनेछ। अन्य व्यवस्था कार्यपालिकाको निर्णय अनुसार हुनेछ।

(३) शुरुमा पदपूर्ति गरिएको हबल्दार पद रिक्त भएमा उपदफा २ अनुसार कै प्रक्रियाबाट प्रहरी जवानबाट नियुक्ती हुनेछ।

(४) उपदफा (१) बमोजिम नियुक्ति नभए सम्मको लागि कार्यपालिकाले तोकेको संख्यामा करार सेवामा पदपूर्ति गर्न देहाय बमोजिम पदपूर्ति समिति रहनेछ।

क) प्रमुख प्रसासकीय अधिकृत – संयोजक

ख) जिल्ला वा ईलाका प्रहरी कार्यालयको प्रहरी निरीक्षक वा सो भन्दा माथिल्लो श्रेणीको अधिकृत प्रतिनिधि - सदस्य

ग) गाउँपालिकाको प्रशासन शाखा प्रमुख – सदस्य सचिव

(५) नगर प्रहरीको नयाँ भर्ना तथा पदपूर्तिका लागि छनौट प्रकृयामा पदपूर्ति समितिले आवश्यक विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(६) समितिले नगर प्रहरीमा करार सेवाबाट पदपूर्ति गर्नु पर्दा समिति आफैले मापदण्ड बनाई पदपूर्ति गर्न वा नेपाल सरकारको जंगी, शसस्त्र वा जनपद मध्ये कुनै एकलाई नगर प्रहरीका विभिन्न पदमा छनौट गरिदिन अनुरोध गर्न सक्नेछ। यसरी छनौट भई आएका उम्मेदवारलाई नगर प्रहरीमा करार संझौता गरिनेछ। यस उपदफा बमोजिम छनौट गर्दाको थप मापदण्ड पदपूर्ति समितिले तोके बमोजिम हुनेछ।

(७) समितिले करार सेवामा नगर प्रहरी भर्ना गर्दा नेपाल सरकार वा विदेशी सरकारको जंगी, शशस्त्र वा जनपदबाट अवकास प्राप्त व्यक्तिहरू मध्येबाट निवेदन माग गरी छनौट गर्न सक्नेछ। यसरी नियुक्ती गर्दा उम्मेदवारको उमेर हद ४५ वर्ष ननाघेको हुनुपर्नेछ।

**७. नियुक्ति गर्ने अधिकारी:**

दफा ६ बमोजिमको पदपूर्ति समितिको सिफारिसमा छनौट भएका प्रहरी कर्मचारीलाई अध्यक्षबाट स्वीकृत गराई प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति पत्र दिनेछ।

**८. खुल्ला प्रतियोगिताको लागि योग्यताः**

नगर प्रहरी सेवा कार्यविधी तयार नहुँदा सम्म नगर प्रहरी सेवाका विभिन्न पदहरूमा नियुक्ति गर्दा जुन जुन पदको लागि हो, सो पदको लोक सेवा आयोगबाट निर्धारण भएको योग्यता र पाठ्यक्रम नै खुला प्रतियोगिताको लागि छनोट गर्ने प्रकृयाको आधार हुनेछ। नगर प्रहरीमा रहने पुरुष र महिला कर्मचारीको अनुपात कार्यपालिकाले तोके बमोजिम हुनेछ।

**९. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार**

(१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) खुला प्रतियोगिताको लागि पाठ्यक्रम निर्धारण गर्ने,

(ख) पदपूर्ति कार्यतालिका बनाउने,

(ग) परीक्षाको किसिम तोक्ने,

(घ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने,

(ङ) परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने,

(च) नियुक्तिका लागि सिफारिश गर्ने,

(छ) कार्यविधीमा उल्लेखित वा लोक सेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ति र बाहली गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनी तोकिएका पदपूर्तिसँग सम्बन्धित अन्य कार्य गर्ने ।

(२) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधि बनाई कार्यान्वयन गर्न सक्नेछ ।

१०. योग्यताक्रम सूची तयार गर्नेः

(१) पदपूर्ति समितिले उम्मेदवारले प्राप्त गरेको अङ्कको आधारमा योग्यताक्रम सूची तयार गरी नतिजा प्रकाशन गर्नु पर्नेछ । त्यसरी नतिजा प्रकाशन गर्दा कुल रिक्त पदको बढीमा बीस प्रतिशतसम्म योग्यता क्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस गरिएका व्यक्तिलाई पदपूर्ति समितिले अध्यक्ष समक्ष नियुक्तिको लागि पेश गर्नेछ ।

(३) नियुक्तिको लागि सिफारिश भएको मितिले सात दिनभित्र अध्यक्षले स्वीकृत गरी नियुक्तिका लागि प्रमुख प्रशासकीय अधिकृतलाई दिनु पर्नेछ ।

(४) अध्यक्षबाट स्वीकृत भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति पत्र दिनु पर्नेछ ।

(५) सिफारिस भएको उम्मेदवार ७ दिन भित्र नियुक्ति लिन नआएमा निजको सिफारिस स्वतः खारेज हुनेछ ।

**११. ज्येष्ठताकम कायम गर्नेः**

नगर प्रहरीको ज्येष्ठताक्रम कायम गर्दा पदपूर्ति समितिले सिफारिस गरेको योग्यता क्रमको आधारमा ज्येष्ठताको क्रम निर्धारण गरिनेछ ।

**१२. परीक्षण कालमा राखिने**

नयाँ नियुक्ति प्राप्त नगर प्रहरी कर्मचारीलाई तीन महिनाको परीक्षण कालमा राखिनेछ । सो अवधिमा प्रहरी कर्मचारीले सन्तोषजनक काम नगरेमा कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले निजको नियुक्ति रद्द गर्न सक्नेछ ।

**१३. नियुक्ति सदर हुने**

परीक्षण कालमा रहेको प्रहरी कर्मचारीको काम सन्तोषजनक देखिएमा र आधारभूत तालिममा उत्तीर्ण भएमा त्यस्तो प्रहरी कर्मचारीलाई नेपालको राष्ट्रिय झण्डा र गाउँपालिकाको अध्यक्ष समक्ष शपथ ग्रहण गराई प्रमुख प्रशासकीय अधिकृतबाट नियुक्ति सदर गरिनेछ।

## परिच्छेद -४

## आचरण

१४. दान उपहार लिन नहुनेः प्रहरी कर्मचारीले गाउँपालिकाको पूर्व स्वीकृत बिना स्वदेशी तथा विदेशी संघ संस्था, निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्सिस, पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नुहुँदैन।

१५. चन्दा लिन नहुने : कुनै प्रहरी कर्मचारीले गाउँपालिकाको पूर्व स्वीकृति बिना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुँदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन।

१६. सम्पत्तिको विवरण पेश गर्नुपर्ने प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिनाभित्र गाउँ कार्यपालिकाको कार्यालयमा तोकिएको ढाँचामा सम्पत्ति विवरण दाखिला गर्नुपर्नेछ।

१७. व्यापार व्यवसाय गर्न नहुनेः प्रहरी कर्मचारीले कार्यालयको पूर्व स्वीकृति बिना कुनै पनि व्यापार व्यवसाय गर्नु हुँदैन।

१८. कर्तव्य पालनाको शिलशिलामा जानकारीमा आएका कुराहरू प्रकाशन गर्न नहुनेः प्रहरी कर्मचारीले गाउँपालिकाद्वारा अथवा विशेष रूपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैर सरकारी संघ संस्थाबाट प्राप्त गरेका वा आफैले लेखेको अथवा सङ्कलन गरेको कुनै कागज पत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट यस ऐन बमोजिमको अधिकार प्राप्त व्यक्ति बाहेक अन्य व्यक्ति वा संस्थालाई जानकारी गराउनु हुँदैन।

**१९. रेडियो, टेलिभिजन वा पत्रिकासँग सम्पर्क राख नहुने:**

(१) प्रहरी कर्मचारीले गाउँपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा आम सञ्चारका माध्यमद्वारा प्रसारण गर्न हुँदैन।

तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक, वैज्ञानिक वा व्यावसायिक विषयको भएमा यस्तो विषयमा स्वीकृति लिइ रहनु पर्दैन।

(२) उपदफा (१) बमोजिम प्रकाशन वा प्रसारण गर्न मिल्ने सामग्रीको सम्बन्धमा त्यस्तो सामग्री प्रकाशन वा प्रसारण गरे पछि गाउँपालिकालाई सोको जानकारी गराउनु पर्दछ।

२०. गाउँपालिकाको आलोचनाः प्रहरी कर्मचारीले गाउँपालिकाको नीतिको विपरीत अथवा गाउँपालिकाको प्रतिष्ठामा आँच आउने गरी विचार व्यक्त गर्ने, सम्बाद, लेख, रचना प्रकाशन गर्नु हुँदैन।

२१. निर्वाचनमा भाग लिन नहुनेः प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको निर्वाचनमा भाग लिन वा मत माग्न वा कुनै प्रकारले प्रभाव पार्न हुँदैन।

तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानून बमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन।

२२. राजनीतिमा भाग लिन नहुनेः प्रहरी कर्मचारीले कुनै राजनीतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनीतिक संस्थालाई चन्दा दिन अथवा कुनै राजनीतिक संस्था वा आन्दोलनलाई सहयोग गर्न हुँदैन।

२३. समय पालन र नियमितताः प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रूपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र स्वीकृत गराएर मात्र बिदामा बस्नु पर्नेछ।

२४. अनुशासन र आज्ञापालनः

(१) प्रहरी कर्मचारीले अनुशासित भई तत्परताका साथ आफ्नो कर्तव्य पालना गर्नु पर्नेछ।

(२) प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आदेशलाई पालना गर्नु पर्नेछ।

(३) प्रहरी कर्मचारीले सदैव आफ्नो प्रमुखको आदेशको मातहत ( चेन अफ कमाण्ड ) मा रही कार्य सम्पादन गर्नु पर्नेछ।

२५. बाहिरी प्रभाव पार्न नहुने : प्रहरी कर्मचारीले कार्य सम्पादनको सिलसिलामा कुनै अनुचित प्रभाव पार्ने वा पार्ने प्रयत्न गर्न हुँदैन।

२६. लैङ्गिक सम्वेदनशील हुनुपर्नेः प्रहरी कर्मचारीले कार्य सम्पादन गर्दा लैङ्गिक सम्वेदनशीलतालाई ध्यान दिनुपर्नेछ।

२७. हातपात वा जोरजुलुम गर्न नहुनेः प्रहरी कर्मचारीले आफुभन्दा माथिल्लो वा मातहतको प्रहरी कर्मचारी उपर हातपात वा कुनै प्रकारको आक्रमण वा जोरजुलुम गर्न वा गराउन हुँदैन।

## परिच्छेद-५

## कसुर तथा सजाय

**२८. सजयः**

(१) प्रहरी कर्मचारीलाई सजाय गर्ने र गराउने आदेश दिने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ। सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको विषय र सजाय स्पष्ट खुलाई सफाई पेश गर्ने मौका दिइनेछ।

(२) प्रहरी कर्मचारीले पेश गरेको स्पस्टीकरण चित्त बुझ्दो नभएमा कसुरको प्रकृति हेरी प्रहरी कर्मचारीलाई देहायको सजाय हुन सक्नेछ:-

(क) शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने,

(ख) नसिहत दिने,

(ग) तलब वृद्धि वा पदोन्नति रोक्का गर्ने,

(घ) एक तह तलको पदमा घटुवा गर्ने।

(ङ) भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने,

(३) प्रहरी कर्मचारीको लापरवाहीको कारण गाउँपालिकालाई कुनै हानी नोक्सानी भएको ठहर भएमा त्यस्तो हानी नोक्सानीको बिगो बमोजिमको रकम निजबाट असुल गरिनेछ।

२९. नसिहत दिने वा प्रतिकुल राय लेख्ने: प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सकिनेछ। दुई पटकसम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकुल राय लेखिनेछ।

३०. तलब वृद्धि वा पदोन्नति रोक्नेः प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा प्रमुख प्रशासकीय अधिकृतले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ।

३१. दर्जा / तलब घटाउने / बर्खास्त गर्नेः कुनै प्रहरी कर्मचारीलाई देहायको अवस्थामा प्रमुख प्रशासकीय अधिकृतले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र गाउँपालिकालाई हानी नोक्सानी पुर्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ:-

(क) सन्तोषजनक काम नगरेमा,

(ख) अनुशासनहीन व्यवहार प्रदर्शन गरेमा,

(ग) पदीय आचरण उल्लंघन गरेमा,

(घ) मनासिव कारण नभई नियुक्ति भएको एक वर्ष भित्रै नोकरीबाट अलग हुन झुट्टा कारण देखाएमा,

(ङ) कार्यपालिकाले दिएको आदेश वा निर्देशन पालना नगरेमा वा कार्यान्वयन नगरेमा,

(च) मनासिव कारण नभई वा बिदा स्वीकृत नगराई बिदा बसेकोमा वा गैर हाजिर भएमा,

(छ) काममा लापरबाही गरेमा वा ऐन वा नियमको पालना नगरेमा।

**३२. सजाय गर्ने अधिकार:**

(१) प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ।

(२) प्रमुख प्रशासकीय अधिकृते आवश्यक ठानेमा स्वयं वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ। जाँचबुझ गर्ने अधिकृतले आवश्यकता अनुसार सम्बन्धित प्रहरी कर्मचारीलाई समेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नु पर्नेछ।

(३) कुनै फौजदारी अभियोगमा पुर्पक्षको लागि थुनामा रहेको प्रहरी कर्मचारी थुनामा रहेको अवधि भर स्वतः निलम्बन हुनेछ।

(४) यस दफा बमोजिम सजायको प्रकृया अवलम्बन गर्दा प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(५) फौजदारी अभियोग लागेको प्रहरी कर्मचारीले अभियोगबाट सफाई पाएमा निजले पूर्ववत सेवामा बहाल रहने सुविधा पाउनेछ।

(६) सजाय दिने अधिकारीले प्रहरी जवान र हबल्दार पदमा कार्यरत कर्मचारीलाई सजाय दिदा प्रस्तावित सजाय सम्बन्धमा नगर प्रहरी सहायक निरीक्षकको राय लिन सक्नेछ। नगर प्रहरी सहायक निरीक्षकको पदपूर्ति नहुँदासम्म तोकिएको नगर प्रहरी प्रमुखबाट राय लिन सक्नेछ।

## परिच्छेद-७

## प्रहरीको कर्मचारीको पोशाक

३३. प्रहरीको कर्मचारीको पोशाकः नेपालको सुरक्षा सेवा अन्तरगतको अन्य कानुनमा प्रभाव नपर्ने गरी प्रहरी कर्मचारीको पोशाकको रंग, किसिम र अन्य विवरण गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

३४. प्रारम्भिक पोशाक र सामानः प्रहरी कर्मचारीलाई कार्यपालिकाले तोकि दिए बमोजिमको पोशाक र सामान उपलब्ध गराइनेछ।

३५. जाडो र बर्षा मौसमका लागि दिइने पोशाकः प्रत्येक प्रहरी कर्मचारीलाई जाडो र बर्षा मौसमको लागि पोशाक कार्यपालिकाले तोके अनुसार गाउँ कार्यपालिकाको कार्यालयबाट उपलब्ध गराइनेछ।

## परिच्छेद-८

## विविध

३६. विदा सम्बन्धी व्यवस्थाः प्रहरी कर्मचारीको विदा सम्बन्धी व्यवस्था प्रचलित कानुन अनुसार करार सम्झौतामा उल्लेख हुनेछ।

३७. पुरस्कार तथा प्रोत्साहनः प्रहरी कर्मचारीले कर्तव्यपालनको सिलसिलामा उल्लेखनीय प्रशंसनीय कार्य गरेमा त्यस्तो प्रहरी कर्मचारीलाई पुरस्कार तथा प्रोत्साहन स्वरूप रकम वा अन्य सुविधा गाउँपालिकाबाट उपलब्ध गराउन सकिनेछ।

३८. सेवा सुविधा र चाडवाड खर्चः प्रहरी कर्मचारीले प्रचलित कानुन अनुसार तलब भत्ता साथै करार अवधि छ महिना भए पश्चात प्रत्येक वर्ष निजले खाई पाई आएको एक महिनाको तलब बराबरको रकम चाडवाड खर्चको रूपमा पाउनेछ। नगर प्रहरीको बिमा कार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ।

३९. करार नवीकरण हुने: यस ऐन बमोजिम कारारमा नियुक्त प्रहरी कर्मचारीको कार्य सम्पादन सन्तोषजनक भएमा निजसँग भएको करार सम्झौता नवीकरण हुनेछ।

४०. यसै ऐन बमोजिम हुनेः प्रहरी कर्मचारीको पारश्रमिक, सेवाका शर्त तथा अन्य सुविधा यस ऐनमा व्यवस्था भएकोमा यसै ऐन बमोजिम हुनेछ। यस ऐनमा व्यवस्था नभएका विषयका हकमा प्रचलित कानून बमोजिम गाउँ कार्यपालिकाको निर्णय अनुसार हुनेछ।

४१. नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउने अधिकार: यस ऐनको कार्यान्वयन गर्नको लागि गाउँ कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

४२. वाधा अड्काउ फुकाउने अधिकार: यस ऐन कार्यान्वयन र व्याख्यामा कुनै दुविधा परेमा गाउँ कार्यपालिकाले वाधा अड्काउ फुकाउने गरी निर्णय गर्न सक्नेछ ।

## अनुसूची- १

**(दफा ४ को उपदफा (१) सँग सम्बन्धित )**

सेतो भुईमा राता अक्षरले अर्धवृत्तकार रूपमा वडिगाड गाउँपालिका लेखि तल्लो भागमा नगर प्रहरी लेखेर नगर प्रहरीको माथि गोलो भागमा रातो रङ्गमा लालि गुराँसको लोगो हुनेछ।

आज्ञालेः
चेतनारायण भण्डारी
प्रमुख प्रशासकिय अधिकृत